# 春日井くらしのガイド
# ネパール語版
# कासुगाई बसाईको गाइड
# (नेपाली संस्करण)


मिति:२०२६/१/१ वर्तमान

このガイドの説明を国際交流ルーム(地図の★のところ)でします。来る前に電話をしてください。

यो गाइडको बारेमा अन्तर्राष्ट्रिय एक्सचेन्ज कोठामा व्याख्या गरिनेछ (नक्सामा तारा (★)चिन्ह लगाइएको छ) । कृपया, आउनु अघि सम्पर्क गर्नुहोस्।

☎０５６８－５６－１９４４





はじめに

外国から希望と不安を持ち、日本へやってきた外国人の皆さんは、祖国とは違う言葉や生活習慣、文化など、様々なことに戸惑いを感じていると思います。
この「春日井くらしのガイド」は、皆さんが春日井市で安心して生活できるよう、緊急の場合の連絡先や、各種手続き、日常生活での決まり事などを簡単にまとめたものです。

今後の春日井市での生活に役立ててもらえば幸いです。

春日井市

.........................................................................

सर्वप्रथम,

विदेशबाट आशा र चिन्ता लिएर जापान आउनु भएका विदेशीहरू धेरै कुराहरूबाट अलमलमा पर्न सक्छन्, जस्तै भाषा, जीवनशैली र संस्कृति, जुन उनीहरूको गृह देशमा भन्दा फरक छन्।
यो "कासुगाई बसाईको गाइड" चाँहि, सबैजना कासुगाई शहरमा सुरक्षित रूपमा जीवनयापन गर्न, आपतकालीन अवस्थामा सम्पर्क ठेगाना, विभिन्न प्रक्रियाहरू, र दैनिक जीवनका नियमहरूको सरल सारांश हो।

अबको कासुगाई शहरको जीवनयापनमा उपयोगी भएमा हामी खुसी हुनेछौं ।

कासुगाई शहर

# विषयसूची
# （ネパール語）


□ नगरपालिकाको काम ........ 1
1 आवासीय दर्ता ........ 2
2 अन्तर्राष्ट्रिय आदान -प्रदान केन्द्र ........ 2
3 विदेशी लक्षित जीवन अभिमुखीकरण ........ 3
4 परामर्श ........ 3
5 अस्थायी दोभाषेहरूको प्रेषण ........ 4
6 जापानी भाषाको सिकाई ........ 5
7 चिकित्सा बीमा र पेन्सन प्रणाली ........ 6
8 अपाङ्गता भएका व्यक्तिहरूको लागि नर्सिङ तथा कल्याण सेवा ........ 8
9 अस्पताल ........ 8
10 बिदा वा हप्ताको दिन रातको समयमा आपतकालीन अवस्थामा डाक्टरको जाँच ........ 9
11 बालबालिका ........ 11
12 चेकअप, मेडिकल जाँच र खोपहरू ........ 14
13 आगलागी ........ 17
14 आपतकालीन सेवाहरू ........ 18
15 प्रहरी ........ 18
16 फोहोर व्यवस्थापन ........ 19
17 विपद् रोकथाम ........ 20
18 कर ........ 20
19 निर्माण तथा भूमि विकास ........ 24
20 पानी आपूर्ति ........ 24
21 घरपालुवा जनावर (रेबिज रोकथाम) ........ 25
□ विदेशीहरूको लागि सूचनापत्र「Information KASUGAI」........ 25
□ पुस्तकालयको प्रयोग ........ 25
□ वडा, छिमेकी संघ, वा स्थानीय सामुदायिक संघमा सामेल ........ 26

## □ नगरपालिकाको काम

कासुगाई नगरपालिका

नगरपालिका, दैनिक जीवनको लागि एक महत्त्वपूर्ण सार्वजनिक संस्था हो। बासिन्दा दर्ता, विवाह र जन्म प्रक्रिया, र राष्ट्रिय स्वास्थ्य बीमा जस्ता मामिलाहरू सम्हाल्छ, र विदेशी नागरिकहरूको लागि परामर्श पनि प्रदान गर्दछ।

स्थान: ५-४४ तोरिइमाचुच्यो, कासुगाई शहर, आइची प्रान्त, ४८६-८६८६

टेलिफोन: (०५६८) ८१-५१११ (प्रतिनिधि)

पार्किङ: पार्किङ सीमित संख्यामा छन्।

यातायात: JR कासुगाई स्टेशनबाट मेइतेचु बस चढ्नुहोस् 「तोरिइमाचु」ओर्लेर त्यसपछि २ मिनेट

कासुगाई सिटी बस "हार्टफुल लाइनर" चढ्नुहोस् र कासुगाई सिटी हलमा ओर्लनुहोस्।

(कासुगाई शहरको आधिकारिक होम पेज) https://www.city.kasugai.ig.jp

खुल्ने समय: सोमबार देखि शुक्रबार, बिहान ८:३० देखि साँझ ५:१५ सम्म

बन्द: शनिबार, आइतबार, सार्वजनिक बिदा र नयाँ वर्षको बिदाको अवधि

(डिसेम्बर २९ – जनवरी ३)

<होम पेज: अर्को भाषामा परिवर्तन गर्न चाहनुभएको बेला >




यहाँ थिच्नुहोस् ।




तपाईंले प्रयोग गर्न चाहनुभएको भाषाको लागि रातो बक्समा क्लिक गर्नुहोस् ।




“OK” थिच्नुहोस् ।




अर्को भाषामा परिवर्तन हुन्छ ।

※शीर्ष पृष्ठमा स्थानान्तरण गर्छ ।

< सजिलो जापानीज भाषामा बदल्न (हिरागाना)>




यहाँ थिच्नुहोस् ।



सजिलो जापानीज भाषामा परिवर्तन हुनेछ ।

## 1 आवासीय दर्ता

परिवार दर्ता तथा आवासीय मामिला विभाग टेलिफोन: (०५६८) ८५-६१३८

मध्यमदेखि दीर्घकालीन बासिन्दाको रूपमा जापानमा भर्खरै प्रवेश गरेका विदेशीहरूले सिटी हलमा आवासीयको रूपमा दर्ता गर्नुपर्छ। विभिन्न प्रशासनिक सेवाहरू प्राप्त गर्नको लागि पनि कृपया सिटी हलको परिवार दर्ता तथा बासिन्दा मामिला विभागमा आवासीय दर्ता प्रक्रियाहरू पूरा गर्नुहोस्।

आवश्यक: जाइर्र्युउ कार्ड

(सरेर आएको सूचना, बाहिर सरेर जाने सूचना, आवासीय दर्ता सम्बन्धी मामिलाहरू आदि)

https://www.city.kasugai.lg.jp/kurashi/todoke/1001889/jumin/index.html

## 2 अन्तर्राष्ट्रिय आदान -प्रदान केन्द्र

शहर भित्रको अन्तर्राष्ट्रिय अन्तर्क्रिया वा बहुसांस्कृतिक सहअस्तित्वको बारेमा जानकारी प्रसारित गर्ने ठाउँ हो । दैनिक जीवनमा उपयोगी हुने विदेशी भाषाहरूमा अनुवाद गरिएका पर्चाहरू, अन्तर्राष्ट्रिय आदानप्रदान गतिविधिहरू सञ्चालन गर्ने संस्थाहरूको जानकारी प्राप्त गर्न सक्नुहुन्छ। साथै हामी विदेशी बासिन्दाहरूको दैनिक जीवनको बारेमा जानकारी र परामर्श पनि प्रदान गर्दछौं।

स्थान: २-२४७ तोरिइमाचुच्यो कासुगाई शहर, आइची प्रान्त, ४८६-०८४४

टेलिफोन: (०५६८)५६-१९४४

पार्किङ: पार्किङ सीमित संख्यामा छन्।

यातायात: JR खाचिगावा स्टेशनबाट, मेइतेचु बस चड्नुहोस्, त्यसपछि

「तोरीइमाचुई २ च्योउमे」मा ओर्लेर १ मिनेट पैदल।

कासुगाई सिटी बस "हार्टफुल लाइनर" बाट 「तोरीइमाचु २ च्योउमे」१ मिनेट पैदल।

प्रयोग समय: मंगलबार देखि आइतबार बिहान ९:०० देखि साँझ ५:०० सम्म

बन्द दिनहरू: सोमबार, नयाँ वर्षको बिदामा (डिसेम्बर २९ देखि जनवरी ३ सम्म)

(ठाउँको जानकारी अन्तर्राष्ट्रिय एक्सचेन्ज कोठा)

https://www.city.kasugai.lg.jp/shisei/sankaku/kaigaiyuukoutoshi/1009610.html

## 3 विदेशी लक्षित जीवन अभिमुखीकरण

अन्तर्राष्ट्रिय आदान -प्रदान केन्द्र टेलिफोन: (०५६८)५६-१९४४

हामी कासुगाई शहरमा भर्खरै आएका विदेशी बासिन्दाहरूलाई कासुगाई शहरको जीवनका नियमहरू, जस्तै फोहोर फाल्ने तरिका र भूकम्प आएमा भाग्ने ठाउँ लगायतको बारेमा व्याख्या गर्नेछौं।

स्थान: अन्तर्राष्ट्रिय आदान -प्रदान केन्द्र

※कृपया आवरणमा दिइएको नक्सा हेर्नुहोस्।

(जीवनशैली अभिमुखीकरण)

https://www.city.kasugai.lg.jp/shisei/sankaku/kaigaiyuukoutoshi/1009614.html

## 4 परामर्श

(1) विदेशी नागरिकहरूका लागि परामर्श

हामी विदेशी नागरिकहरुलाई प्रशासनिक सेवासम्बन्धी सोधपुछ वा चिन्ताका विषयमा अंग्रेजी, फिलिपिनो, पोर्चुगिज तथा स्पेनिस भाषामा परामर्श प्रदान गर्दछौं।

▼ स्थान: सिटी हल, दोस्रो तल्ला, नागरिक परामर्श कर्नर

टेलिफोन: (०५६८) ८५-६६२४ (परामर्श दिनहरूमा मात्र खुल्ला)

（नागरिक सल्लाह）

https://www.city.kasugai.lg.jp/kurashi/1033189/sodan/shiminsoudan/index.html

(2) प्राविधिक इन्टर्न प्रशिक्षार्थी परामर्श केन्द्र

प्राविधिक इन्टर्न प्रशिक्षार्थी SOS /आपतकालीन परामर्श केन्द्र

(OTIT: विदेशी प्राविधिक इन्टर्न प्रशिक्षण संगठन) https://www.otit.go.jp

(3) घरेलु हिंसा परामर्श [टेलिफोन/अन्तर्वार्ता परामर्श, अनलाइन अन्तर्वार्ता परामर्श

※अनलाइन अन्तर्वार्ता परामर्शका लागि अपोइन्टमेन्ट आवश्यक छ]

क्षेत्रीय सह-अस्तित्व प्रवर्द्धन विभाग टेलिफोन: (०५८६) ८५–७८६७

तपाईंले आफ्नो जीवनसाथी वा पार्टनरबाट हुने घरेलु हिंसाका बारेमा परामर्श लिन सक्नुहुन्छ।

सोमबारदेखि शुक्रबार, बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म

(घरेलु हिंसा (DV))

https://www.city.kasugai.lg.jp/kenko/fukushi/1011728/dv-t/index.html

(4) महिला परामर्श [फोन/अन्तर्वार्ता परामर्श ※ परामर्शको लागि अपोइन्टमेन्ट आवश्यक पर्दछ]

विविध समाज प्रवर्द्धन विभाग टेलिफोन: (०५६८) ८५-७८७१

विवाह/सम्बन्ध विच्छेद, दम्पती, पारिवारिक मामिला, कार्यस्थलमा अन्तरव्यक्तिगत सम्बन्ध, लिङ्गको आधारमा भेदभावपूर्ण व्यवहार, यौन उत्पीडन, आदि सम्बन्धी कुनै पनि चिन्ता वा समस्याका विषयमा तपाईंले परामर्श प्राप्त गर्न सक्नुहुन्छ।

(महिलाहरुका लागि परामर्श डेस्क)

https://www.city.kasugai.lg.jp/shisei/sankaku/danjo/sou-t/index.html

## 5 अस्थायी दोभाषेहरूको प्रेषण

अन्तर्राष्ट्रिय आदान -प्रदान केन्द्र टेलिफोन: (०५६८) ५६-१९४४

जापानी भाषामा पर्याप्त रुपमा कुराकानी गर्न नसक्ने विदेशी बासिन्दाहरूका लागि, कासुगाई शहर भित्रका सार्वजनिक सुविधाहरूका प्रक्रियाहरूमा सहयोग गर्न स्वयंसेवक दोभाषेहरू पठाइनेछ।
यदि तपाईंलाई स्वयंसेवक दोभाषे चाहिन्छ भने, कृपया आवश्यक पर्ने दिनभन्दा कम्तिमा २ हप्ता अघि आवेदन दिनुहोस्। यद्यपि, केहि विशेष क्षेत्रहरूमा दोभाषेहरु पठाउन सक्दैनौं।

□ हामी स्वयंसेवक दोभासेहरू पनि भर्ती गर्दैछौं।

स्वयंसेवकको रूपमा दर्ता गर्न चाहनुहुन्छ भने, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

(स्वयंसेवक दोभासे प्रेषण)

https://www.city.kasugai.lg.jp/shisei/sankaku/kaigaiyuukoutoshi/1009612.html

## 6 जापानी भाषाको सिकाई

<कासुगाई सामुदायिक कक्षा (जापानी भाषा कक्षा)

अन्तर्राष्ट्रिय आदान -प्रदान केन्द्र टेलिफोन: (०५६८) ५६–१९४४

पहिलो पटक जापानी भाषा अध्ययन गर्ने वा जापानी भाषा राम्रोसँग नबुझ्नेहरूका लागि हो। तपाईंले जापानी भाषा र संस्कृतिको बारेमा सिक्न सक्नुहुन्छ।

सिक्न सक्ने व्यक्तिहरू ▼ १५ वर्ष भन्दा माथिका जो कासुगाई शहरमा बस्छन्, काम गर्छन् वा अध्ययन गर्छन् ।

पढाई शुल्क ▼ पाठ्यपुस्तकको शुल्क आवश्यक पर्छ । (पढाई नि:शुल्क)

स्थान ▼ रेडियान कासुगाई वा कोउजोउजी सामुदायिक सेन्टर

(कासुगाई सामुदायिक कक्षा (जापानी भाषा कक्षा))

https://www.city.kasugai.lg.jp/shisei/sankaku/kaigaiyuukoutoshi/1009611.html

<कासुगाई सामुदायिक कक्षा (बालबालिकाको जापानी भाषा कक्षा) >

अन्तर्राष्ट्रिय आदान -प्रदान केन्द्र टेलिफोन: (०५६८) ५६-१९४४

यो कक्षा विदेशी मूलका बालबालिकाहरूका लागि हो, जो पहिलो पटक जापानी भाषा सिकिरहेका छन् र धेरै जापानी भाषा बुझ्दैनन्। उनीहरूले सरल कुराकानी, लिखित शब्द, जापानी संस्कृति, आदि सिक्न सक्छन्।

सिक्न सक्ने व्यक्तिहरू ▼ कासुगाई शहरमा बस्ने र विदेशसँग सम्बन्ध राख्ने ४ वर्षका बालबालिकादेखि जुनियर हाई स्कूलका विद्यार्थीहरूसम्म।

पढाई शुल्क ▼ नि:शुल्क

स्थान ▼ रेडियान कासुगाई वा कोउजोउजी सामुदायिक केन्द्र

(बालबालिकाको जापानी भाषा कक्षा)

https://www.city.kasugai.lg.jp/shisei/sankaku/kaigaiyuukoutoshi/1016664.html

## 7 चिकित्सा बीमा र पेन्सन प्रणाली

स्वास्थ्य बीमा, चिकित्सा र पेन्सन विभाग टेलिफोन: (०५६८) ८५—६१५६

### चिकित्सा बीमा

चिकित्सा बीमाहरूमा कार्यस्थल बीमा (सामाजिक बीमा) वा राष्ट्रिय स्वास्थ्य बीमा, र वृद्धवृद्धाहरूको लागि चिकित्सा बीमा प्रणाली सहित विभिन्न प्रणालीहरु छन्।

〈राष्ट्रिय स्वास्थ्य बीमा〉

जापानमा बसोबास दर्ता भएका तर रोजगारदाताको स्वास्थ्य बीमा वा ७५ वर्षभन्दा माथिका व्यक्तिहरूका लागि रहेको वृद्धवृद्धाका लागि चिकित्सा हेरचाह प्रणालीजस्ता सार्वजनिक स्वास्थ्य बीमा प्रणालीमा समावेश नभएका व्यक्तिहरूले राष्ट्रिय स्वास्थ्य बीमामा समावेश हुन आवश्यक छ।

①बीमा कर प्रत्येक घरपरिवारको आय र सामेल हुने संख्याको आधारमा निर्धारण गरिन्छ।

यद्यपि, यो प्रणाली जापानमा बसोबास गर्ने विदेशीहरू र उनीहरूका परिवारका सदस्यहरू, वा पर्यटन, मनोरञ्जन आदि उद्देश्यका लागि एक वर्ष वा सोभन्दा कम अवधिका लागि जापानमा बस्ने व्यक्तिहरूमा लागू हुँदैन।

②अस्पतालमा उपचार गराउँदा, नबिर्सिकन आफ्नो योग्यता पुष्टि पत्र वा म्याद भएको माइना स्वास्थ्य बीमा कार्ड लिएर जानुहोस् ।

〈राष्ट्रिय स्वास्थ्य बीमा〉

https://www.city.kasugai.lg.jp/kurashi/zei/kokuho/index.html

<वृद्धवृद्धाहरूको लागि मेडिकल हेरचाह प्रणाली>

यो प्रणाली ७५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूका लागि हो (केही अपाङ्गता भएका व्यक्तिहरूका हकमा ६५ वर्ष वा सोभन्दा माथि), जसको जापानमा आवास दर्ता भएको हुनुपर्छ। यद्यपि, जापानमा बसोबास गर्ने विदेशीहरू तथा उनीहरूका साथमा रहने व्यक्तिहरू, वा पर्यटन, मनोरञ्जन आदि उद्देश्यका लागि एक वर्षभन्दा कम अवधिका लागि जापानमा बस्ने व्यक्तिहरूका हकमा यो प्रणाली लागू हुँदैन।

①सबै बीमित व्यक्तिहरूले समान रूपमा तिरेको "प्रतिव्यक्ति रकम" र आय अनुसार तिरेको "आय-आधारित रकम" जोडेर बीमा प्रिमियम व्यक्तिगत आधारमा निर्धारण गरिन्छ।

②अस्पतालमा उपचार गराउँदा, नबिर्सिकन आफ्नो योग्यता पुष्टि पत्र वा म्याद भएको माइना स्वास्थ्य बीमा कार्ड लिएर जानुहोस् ।

(वृद्धवृद्धाहरूको लागि मेडिकल हेरचाह प्रणाली)

https://www.city.kasugai.lg.jp/kenko/senior/kourei/koukikourei/index.html

〈स्वास्थ्य जाँच, लगायतको बारे〉

४० देखि ७४ वर्ष उमेर समूहका राष्ट्रिय स्वास्थ्य बीमा पोलिसीधारकहरूले मधुमेह र उच्च रक्तचाप जस्ता जीवनशैलीसँग सम्बन्धित रोगहरूको प्रारम्भिक पहिचान र उपचारको उद्देश्यले विशेष स्वास्थ्य जाँचहरू गराइनेछ। आवश्यक परेकाहरूलाई विशेष स्वास्थ्य मार्गदर्शन प्रदान गरिनेछ।

(विशिष्ट स्वास्थ्य जाँच)
https://www.city.kasugai.lg.jp/kurashi/zei/kokuho/tokuteikenshin/1027342.html

दीर्घकालीन हेरचाह बीमा कार्यक्रम अन्तर्गत बीमा गरिएकाहरूले जीवनशैलीसँग सम्बन्धित रोगहरू रोक्न र वृद्धवृद्धाको स्वास्थ्य कायम राख्न र सुधार गर्ने उद्देश्यले वृद्धवृद्धाको स्वास्थ्य जाँच गराउने छन्।

(वृद्धवृद्धाको स्वास्थ्य जाँच)
https://www.city.kasugai.lg.jp/kurashi/zei/kokuho/tokuteikenshin/1001965.html

## सार्वजनिक पेन्सन प्रणाली

जापानमा बस्ने २० देखि ६० वर्ष उमेरका सबै व्यक्तिहरू, चाहे उनीहरूसँग जापानी नागरिकता होस् वा नहोस् सार्वजनिक पेन्सन प्रणालीमा भर्ना हुन आवश्यक छ।

पेन्सन प्रणाली जापान पेन्सन सेवाद्वारा सञ्चालित छ, जुन स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयद्वारा कमिसन र प्रत्यायोजित छ। थप जानकारीको लागि, कृपया जापान पेन्सन सेवाको पेन्सन कार्यालयमा सम्पर्क गर्नुहोस्।

नागोया किता पेन्सन कार्यालय　　फोन: (०५२) ९१२-१२१३
६-२५ शिमिजु ५-च्योउमे, किता-कु, नागोया ४६२-८६६६

सिटी हलबाट राष्ट्रिय पेन्सन प्रकार १ बीमित व्यक्तिहरू र बीमा प्रिमियम छुट आवेदनहरूको लागि विभिन्न प्रक्रियाहरू पूरा गर्दछ ।

(राष्ट्रिय पेन्सनको रूपरेखा)
https://www.city.kasugai.lg.jp/kurashi/zei/1003292/1028249.html

(जापान पेन्सन सेवा वेबसाइट)
https://www.nenkin.go.jp/index.html

## 8 अपाङ्गता भएका व्यक्तिहरूको लागि नर्सिङ  तथा कल्याण  सेवा

〈दीर्घकालीन हेरचाह बीमा प्रणाली〉

नर्सिङ केयर र वृद्ध कल्याण विभाग   टेलिफोन: (०५६८)८५-६१८३

निम्न नर्सिङ केयर बीमा योग्यताहरू पूरा गर्नेहरूले शहरबाट प्रमाणीकरण प्राप्त गर्न र नर्सिङ केयर बीमा सेवाहरू प्रयोग गर्न सक्छन्।

①आधारभूत निवासी दर्तामा दर्ता भएका ६५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरू

(यदि तपाईं छोटो समय भन्दा बस्नुहुन्न भने, तपाईंलाई नर्सिङ केयर बीमाले कभर गर्दैन।)

②४० वर्ष वा सोभन्दा माथिका र ६५ वर्ष मुनिका र स्वास्थ्य बीमामा छिर्नुभएका ब्यक्ति

(कानूनी रूपमा परिभाषित रोग (विशिष्ट रोग) को कारणले गर्दा नर्सिङ हेरचाह आवश्यक पर्दा)

नर्सिङ केयर बीमा सेवाहरू प्रयोग गर्न, स्थानीय व्यापक समर्थन केन्द्र वा घर नर्सिङ केयर समर्थन सुविधामा सम्पर्क गर्नुहोस्।

(नर्सिङ हेरचाह आवश्यक पर्दा (नर्सिङ हेरचाह आवश्यकताको प्रमाणीकरणको लागि आवेदन) )

https://www.city.kasugai.lg.jp/kenko/1011073/kaigonintei.html

〈अपाङ्गता कल्याण प्रणाली>

अपाङ्गता कल्याण विभाग   टेलिफोन: (०५६८) ८५-६१८६

शारीरिक, बौद्धिक वा मानसिक अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता प्रमाणपत्र र अपाङ्गता कल्याण सेवाहरूको लागि आवेदन दिन सक्छन्। उनीहरूको अपाङ्गता प्रमाणपत्रको श्रेणी र ग्रेडमा निर्भर गर्दै, उनीहरू विभिन्न भत्ताहरूको लागि योग्य हुन सक्छन्।

(अपाङ्गता कल्याण)

https://www.city.kasugai.lg.jp/kenko/syogai/index.html

## 9 अस्पताल

सार्वजनिक र निजी दुवै अस्पतालहरू छन्।

सार्वजनिक अस्पताल

कासुगाई नगरपालिका अस्पताल   टेलिफोन (०५६८) ५७-००५७

स्थान: १-१-१ ताकाराइच्यो, कासुगाई शहर, आइची प्रान्त, ४८६-८५१०

रिसेप्शन खुल्ने समय: सोमबार देखि शुक्रबार बिहान ८:३० देखि ११:३० सम्म

बिदा: शनिबार, आइतबार, सार्वजनिक बिदा र नयाँ वर्षको बिदामा

(डिसेम्बर २९ देखि जनवरी ३ सम्म)

(क्लिनिकल विभाग)

https://www.hospital.kasugai.aichi.jp/s_annai/index.html

※यदि तपाईंसँग पहिलो चोटि आउदा सिफारिस पत्र छैन भने, तपाईंले चिकित्सा शुल्कको अतिरिक्त ७,७०० येन (दन्त उपचारको लागि ५,५०० येन) तिर्नुपर्ने हुन सक्छ।

निजी अस्पताल

बन्द हुने दिन र परामर्श समय अस्पताल अनुसार फरक-फरक हुन्छ।

## 10 बिदा वा हप्ताको दिन रातको समयमा आपतकालीन अवस्थामा डाक्टरको जाँच

(1) आफ्नो पारिवारिक डाक्टर लाई सम्पर्क गर्नुहोस्। तपाईको पारिवारिक डाक्टरले तपाईको नियमित चिकित्सा परीक्षण र अन्य जानकारीको आधारमा विस्तृत निर्णय गर्न सक्षम हुनुहुनेछ, र तपाईलाई उपयुक्त उपचार प्रदान गर्नुहुनेछ।

(2) यदि तपाईको पारिवारिक डाक्टर उपलब्ध छैन भने, तपाईले सप्ताहन्त र हप्ताका दिनहरूमा आपतकालीन क्लिनिकहरूमा चिकित्सा उपचार प्राप्त गर्न सक्नुहुन्छ। कृपया क्लिनिकको समय हेरेर, जानु अघि अग्रिम सम्पर्क गर्नुहोस्।

कासुगाई शहर बिदा र हप्ताको दिन रातको आपतकालीन क्लिनिक (सामान्य स्वास्थ्य र चिकित्सा केन्द्र

टेलिफोन: (०५६८)८४-३०६०

| चिकित्सा विषय | चिकित्सा दिन | चिकित्सा समय |
|---|---|---|
| आन्तरिक बालरोग चिकित्सा | (सोमबारेखी शुक्रबार) दिनको रातहरू<br>※सार्वजनिक बिदा र नयाँ वर्षको बिदाको अवधि बाहेक | राति ९:०० – ११:३० बजे |
| | शनिबार<br>※सार्वजनिक बिदा र नयाँ वर्षको बिदाको अवधि बाहेक | साँझ ६:०० – राति ९:०० |
| | आइतबार, सार्वजनिक बिदा, नयाँ वर्षको बिदा (१२/३०-१/३) | बिहान ९:०० - १२:०० दिउँसो<br>दिउँसो १:०० - ५:०० साँझ<br>साँझ ६:०० - ९:०० राती |
| बाह्या चिकित्सा | आइतबार, सार्वजनिक बिदा, नयाँ वर्षको बिदा (१२/३०-१/३) | बिहान ९:०० – दिउँसो १२:००<br>दिउँसो १:०० – साँझ ५:०० |
| दन्त चिकित्सा | आइतबार, सार्वजनिक बिदा, नयाँ वर्षको बिदा (१२/३०-१/३) | बिहान ९:०० – १२:०० दिउँसो |

▪ रिसेप्शन, उपचार सुरु हुनुभन्दा ३० मिनेट अगाडिदेखि उपचार बन्द हुनुभन्दा ३० मिनेट अगाडिसम्म खुल्ला रहन्छ।

・ यो आपतकालीन क्लिनिक मेडिकल एसोसिएसन, डेन्टल एसोसिएसन र औषधि संघको सहकार्यमा सञ्चालित छ।

(3) यदि तपाई  आफ्नो नियमित डाक्टरकहाँ वा बिदाको दिन वा हप्ताको दिनको रातमा खुला हुने आपतकालीन क्लिनिकमा चिकित्सा उपचार पाउन सक्नुहुन्न भने, वा चिकित्सा उपचारको लागि कहाँ जाने भनेर तपाईंलाई थाहा छैन भने, कृपया तल दिइएको ठाउँमा सम्पर्क गर्नुहोस्।

(बिदाको दिन वा हप्ताको दिन  रातको समयमा अचानक बिरामी पर्दा)
https://www.city.kasugai.lg.jp/kenko/iryo/kyujitsukyubyo_list/kyuujitsukyuu.html
आइची प्रान्त आपतकालीन चिकित्सा सूचना केन्द्र टेलिफोन: (०५६८)८१-११३३
हामी तपाईलाई नजिकको चिकित्सा संस्थामा परिचय गराउनेछौं, त्यसैले कृपया हामीलाई बिरामीको लक्षण, ठेगाना, नाम, उमेर, आदि बताउनुहोस्।
※कुनै चिकित्सा संस्थामा सिफारिस गरिएको बेला, कृपया जानु अघि पुष्टि गर्न कल गर्नुहोस्। यदि तपाईंलाई अब चिकित्सा संस्थामा जान आवश्यक छैन भने पनि, कृपया चिकित्सा संस्थालाई सम्पर्क गर्नुहोस्।

रिसेप्शन प्रत्येक दिन २४ सै घण्टा प्रणाली

आइची प्रान्त बाल चिकित्सा आपतकालीन टेलिफोन परामर्श #८००० (छोटो नम्बर) वा

टेलिफोन: (०५२)९६२-९९००

बच्चा राति अचानक बिरामी पर्यो र बच्चालाई अस्पताल लाने कि नलाने भन्ने कुरामा दोधार छ भने, तपाई फोनबाट विशेषज्ञ सल्लाहकारसँग सल्लाह पनि लिन सक्नुहुन्छ।
रिसेप्शन प्रत्येक दिन बेलुका ७ बजेदेखि भोलिपल्ट बिहान ८ बजेसम्म

आइची आपतकालीन चिकित्सा गाइड (आइची प्रिफेक्चर आपतकालीन चिकित्सा सूचना प्रणाली)

https://www.qq.pref.aichi.jp/

तपाईले अनलाइन मार्फत, चाहिएको बेला जान सम्भव हुने चिकित्सा संस्थाहरूको बारेमा खोज्न सक्नुहुन्छ । यद्यपि, कृपया जानु अघि अनिवार्य रुपमा सिधै चिकित्सा संस्थालाई सम्पर्क गर्नुहोस्।

# 11 बालबालिका

कल्याण

<बालबालिका चिकित्सा खर्च अनुदान>

स्वास्थ्य बीमा, चिकित्सा हेरचाह, र पेन्सन विभाग टेलिफोन: (०५६८)८५-६१९४

निम्न चिकित्सा बीमाको लागि आवेदन दिएपछि हामी तपाईंलाई स्व-भुक्तानी रकम अनुदान दिनेछौं।

· १८ वर्ष पुगेपछि पहिलो आर्थिक वर्षको अन्त्यसम्मका बालबालिकाहरूको अस्पताल भर्ना र चिकित्सा खर्च।

(बालबालिकाको चिकित्सा खर्च अनुदान)

https://www.city.kasugai.lg.jp/kosodate/shien/iryouhi.html

<विद्यार्थी चिकित्सा खर्च अनुदान>

स्वास्थ्य बीमा, चिकित्सा हेरचाह, र पेन्सन विभाग टेलिफोन: (०५६८)८५-६१९४

१८ वर्ष पुगेपछि पहिलो अप्रिल १ देखि २४ वर्ष पुगेपछि निश्चित सर्तहरू पूरा गर्ने व्यक्तिहरूको लागि, हामी चिकित्सा बीमा कभरेज पछि अस्पताल भर्ना लागतको लागि स्व-भुक्तानी रकम अनुदान दिनेछौं।

※विवरणको लागि, कृपया शहरको वेबसाइट हेर्नुहोस्।

(विद्यार्थी चिकित्सा खर्च अनुदान)

https://www.city.kasugai.lg.jp/kenko/iryo/kakusyuiryou/1019892.html

〈बाल भत्ता〉

बाल हेरचाह प्रवर्द्धन विभाग टेलिफोन: (०५६८) ८५-६२०१

उच्च माध्यमिक विद्यालय उमेर (१८ वर्ष पुगेपछि पहिलो शैक्षिक वर्षको अन्त्यसम्म) यो बालबालिका हुर्काउनेहरूलाई भुक्तानी गरिन्छ। थप जानकारीको लागि कृपया सम्पर्क गर्नुहोस्।

(बाल भत्ता)

https://www.city.kasugai.lg.jp/kosodate/shien/1033221/kodomoteate.html

<नर्सरी स्कूलहरू, प्रमाणित बाल हेरचाह केन्द्रहरू, साना-स्तरीय नर्सरी स्कूलहरू>

बाल हेरचाह विभाग टेलिफोन: (०५६८)८५-६२०२

नर्सरी स्कूलहरू बाल कल्याण सुविधाहरू हुन् जसले लगभग छ महिना वा सोभन्दा माथिका प्रि:स्कूल बालबालिकाहरूलाई व्यापक हेरचाह र शिक्षा प्रदान गर्दछ जसलाई उनीहरूका आमाबाबु काम गरिरहेका वा बिरामी परिवारको सदस्यको हेरचाह गरिरहेका कारण, बालबालिकाहरूलाई निरन्तर हेरचाह गर्ने एक एकीकृत बाल कल्याण सुविधा हो।

प्रमाणित बाल हेरचाह केन्द्रहरू ती सुविधाहरू हुन् जसले पूर्व-प्राथमिक बालबालिकाहरूको लागि व्यापक शिक्षा र बाल हेरचाह प्रदान गर्दछ, र किन्डरगार्टन र नर्सरी स्कूल दुवैको कार्य र सुविधाहरूलाई संयोजन गर्दछ।

साना स्तरका डेकेयर सेन्टरहरू शहरद्वारा अनुमोदित बाल हेरचाह व्यवसायहरू मध्ये एक हुन् र डेकेयर सेन्टरहरू जस्तै, तिनीहरू आमाबाबुको तर्फबाट हेरचाह प्रदान गर्ने सुविधाहरू हुन्। ० देखि ३ वर्ष मुनिका बालबालिका लागि, बाल हेरचाह सुविधामा ६ देखि १९ जना सम्मको क्षमता हुनेछ।

(नर्सरी स्कूल, प्रमाणित बाल हेरचाह केन्द्र, र साना-स्तरीय नर्सरी स्कूल भन्नाले?)

https://www.city.kasugai.lg.jp/kosodate/1002319/hoikuen/1002325.html

## स्वास्थ्य

〈खोपहरू〉

स्वास्थ्य प्रवर्द्धन विभाग टेलिफोन: (०५६८) ८५-६१६८

[नियमित खोपहरू]

प्रत्येक खोपको उमेर र खोपको संख्या तोकिएको हुन्छ। योग्य व्यक्तिहरूलाई हुलाक मार्फत खोप टिकट पठाइनेछ। शहर भित्रको तोकिएको अस्पतालमा बुकिङ गरेर, टिकट र आफ्नो मातृ तथा बाल स्वास्थ्य पुस्तिका साथमा लैजानुहोस्। यदि तपाईले आफ्नो टिकट हराउनुभयो वा अर्को शहर, वडा, शहर वा गाउँमा खोप लिन चाहनुहुन्छ भने, तपाईले स्वास्थ्य प्रवर्द्धन विभागमा आवश्यक प्रक्रियाहरू पूरा गर्नुपर्नेछ।

[वैकल्पिक खोपहरू]

(जुकाम)

खोप लगाउने दिनको उमेर १ वर्ष देखि ६ वर्ष उमेरका र प्राथमिक विद्यालयमा प्रवेश नगरेका बालबालिकाहरूको खोप लागतको केही भाग शहरले बेहोर्ने छ। ※केही सर्तहरू लागू हुन्छन्।

(बालबालिकाको खोप)

https://www.city.kasugai.lg.jp/kenko/iryo/yobou/1027116/index.html

<मातृ तथा बाल स्वास्थ्य पुस्तिका>

बाल तथा परिवार सहयोग विभाग टेलिफोन: (०५६८) ८५-६१७०

जब गर्भावस्था भएको सूचना फारम बुझाउनुहुन्छ, तपाईलाई विदेशी भाषा वा जापानी भाषामा मातृ तथा बाल स्वास्थ्य पुस्तिका जारी गरिनेछ, र यदि लागू भएमा, "आमा तथा बाल पुस्तिका" (गर्भवती महिला र शिशुहरूको लागि चिकित्सा परीक्षण टिकट) नामक छुट्टै पुस्तिका जारी गरिनेछ।

(काउन्टर, सिटी हलको दोस्रो तल्लामा रहेको बाल तथा परिवार सहयोग विभाग र तेस्रो तल्लामा रहेको सामान्य स्वास्थ्य तथा चिकित्सा केन्द्रमा अवस्थित छ।)

(गर्भावस्था सूचना, मातृ तथा बाल स्वास्थ्य पुस्तिका)

https://www.city.kasugai.lg.jp/kosodate/ninshin/1002210/1002212.html

<शिशु तथा बाल स्वास्थ्य जाँच>

बाल तथा परिवार सहयोग विभाग टेलिफोन: (०५६८) ८७-१५५२

४ महिने बच्चा, १८ महिना र ३ वर्षका बालबालिकाहरूको लागि स्वास्थ्य जाँच उपलब्ध छ। यी जाँचहरूको जानकारी योग्य बालबालिकाहरूलाई हुलाक मार्फत पठाइनेछ।

(शिशु स्वास्थ्य जाँच (सामूहिक जाँच, ४ महिना, १८ महिना र ३ वर्षका बालबालिकाको स्वास्थ्य जाँच))

https://www.city.kasugai.lg.jp/kosodate/kenko/1002353/1002354.html

## शिक्षा

<किन्डरगार्डेन>

बाल हेरचाह विभाग टेलिफोन: (०५६८) ८५-६२०२

३ देखि ५ वर्ष उमेरका बालबालिकाका लागि प्रि-स्कूल शैक्षिक संस्था हो। शहरमा निजी किन्डरगार्डेनहरू छन्। विस्तृत जानकारीको लागि कृपया प्रत्येक किन्डरगार्डेनमा सोधपुछ गर्नुहोस्।

<नगरपालिका प्राथमिक र जुनियर हाई स्कूलहरू>

स्कूल शिक्षा डिभिजन टेलिफोन: (०५६८) ८५-६४४१

बालबालिकाहरू ६ वर्षको उमेरमा प्राथमिक विद्यालयमा प्रवेश गर्छन् र १२ वर्षको उमेरमा दीक्षान्त हुन्छन्, जबकि जुनियर हाई स्कूल १२ वर्षको उमेरमा प्रवेश गर्छन् र १५ वर्षको उमेरमा दीक्षान्त हुन्छन्। यदि कुनै बच्चा भर्ना हुन चाहन्छ भने, उनीहरूको अभिभावकले कासुगाई शहर शिक्षा बोर्डमा आवेदन/प्रस्ताव दिनुपर्छ। कृपया ध्यान दिनुहोस् कि आर्थिक रूपमा विपन्न परिवारहरू विद्यालयको केही आवश्यक खर्चमा सहयोगको लागि योग्य हुन सक्छन्। थप जानकारीको लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

(स्कूल सहयोगको बारेमा)
https://www.city.kasugai.lg.jp/kosodate/1002499/school/1009202.html

〈स्कूल खाजा〉

स्कूल खाजा डिभिजन टेलिफोन: (०५६८) ८५-६३४१

प्राथमिक र निम्न माध्यमिक विद्यालयहरूले स्कूलको खाजा प्रदान गर्छन्।

यदि तपाईको बच्चालाई खानाको एलर्जी छ वा धार्मिक कारणले स्कूलको खाजा नखाने निर्णय गर्नु भएको छ भने, कृपया पहिले नै स्कूलसँग सल्लाह गर्नुहोस्।

(स्कूलको खाजा शुल्क)
https://www.city.kasugai.lg.jp/kosodate/1002499/kyushoku/1012060.html

## 12 चेकअप, मेडिकल जाँच, र खोपहरू

<क्यान्सर चेकअप आदि>

स्वास्थ्य प्रवर्द्धन विभाग टेलिफोन: (०५६८) ८५-६१६६

प्रत्येक जाँचको लागि उमेर सीमा हुन्छ, परीक्षण गर्न तपाईलाई क्यान्सर जाँचका लागि तपाईंलाई परीक्षण टिकट आवश्यक हुन्छ। शहरको तोकिएको चिकित्सा संस्थामा अपोइन्टमेन्ट लिनुहोस्, र परीक्षणको लागि जाँदा आफ्नो टिकट, परीक्षण शुल्क, माई नम्बर स्वास्थ्य बीमा कार्ड, वा योग्यता पुष्टिकरण प्रमाणपत्र साथमा लिएर जानुहोस् । परिक्षण टिकटको म्याद तोकिएको हुन्छ। यदि तपाईले आफ्नो परीक्षण टिकट हराउनुभयो भने, तपाईले स्वास्थ्य प्रवर्द्धन विभागमा पुन: जारी गर्नको लागि पहिले नै आवेदन दिनुपर्नेछ।

(क्यान्सर परिक्षणको भौचरहरू कसरी पुन: जारी गर्ने र प्राप्त गर्ने)
https://www.city.kasugai.lg.jp/kenko/iryo/1003121/1003125.html

<दन्त चेकअप>

स्वास्थ्य प्रवर्द्धन विभाग टेलिफोन: (०५६८)८५-६४२२

आर्थिक वर्ष २०२५ (अप्रिल १, २०२५ - मार्च ३१, २०२६) मा २० वर्ष, ३० वर्ष, ४० वर्ष, ४५ वर्ष, ५० वर्ष, ५५ वर्ष, ६० वर्ष, ६५ वर्ष, ७० वर्ष, ७६ वर्ष र ८० वर्ष उमेरका व्यक्तिहरूका साथै गर्भवती महिला र भर्खरै बच्चा जन्माएका महिलाहरूको लागि नि:शुल्क दन्त जाँच उपलब्ध छ। योग्य व्यक्तिहरूलाई हुलाक मार्फत चेकअप भौचर पठाउनेछौं ।

गर्भवती महिला र भर्खरै बच्चा जन्माएका महिलाहरूले मातृ तथा बाल स्वास्थ्य पुस्तिकाको "आमा तथा बाल पुस्तिका" भित्र रहेको "गर्भवती महिलाको दन्त जाँच टिकट" प्रयोग गरेर दन्त जाँच गराउन सक्छन्।

शहरको कुनै सहभागी चिकित्सा संस्थामा अपोइन्टमेन्ट लिनुहोस् र जाँदा आफ्नो चिकित्सा परीक्षण टिकट र माई नम्बर स्वास्थ्य बीमा कार्ड वा योग्यता पुष्टिकरण प्रमाणपत्र साथमा लिएर जानुहोस् ।परिक्षण टिकटको म्याद तोकिएको हुन्छ। यदि तपाईंले आफ्नो परीक्षण टिकट हराउनुभयो भने, तपाईले स्वास्थ्य प्रवर्द्धन विभागमा पुन: जारी गर्नको लागि पहिले नै आवेदन दिनुपर्नेछ।

(सुकोयाका दन्त जाँच)
https://www.city.kasugai.lg.jp/kenko/iryo/1003195/1003205.html

(वृद्धवृद्धाको लागि दन्त जाँच)
https://www.city.kasugai.lg.jp/kenko/iryo/1003195/1031042.html

(गर्भवती महिलाहरूको लागि दन्त जाँच)
https://www.city.kasugai.lg.jp/kenko/iryo/1003195/1003204.html

खोपहरू: ※बालबालिकाको खोपहरू "११ बालबालिका" अन्तर्गत सूचीबद्ध छन्।
स्वास्थ्य प्रवर्द्धन विभाग, टेलिफोन: (०५६८) ८५-६१६८

[रुबेला]

गर्भवती हुने योजना बनाइरहेका वा गर्भवती हुने आशा गरिरहेका जोडीहरू र गर्भवती महिलाका पतिहरूको लागि, खोप लागतको केही भाग शहरले बेहोर्नेछ। ※ केही सर्तहरू लागू हुन्छन्।

【इनफ्लुएन्जा】

खोप लगाइएको दिन ६५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूले खोपको लागतको केही अंश आफैंले तिरेर खोप लिन सक्छन् (खोप लगाउन सक्ने निश्चित अवधि हुन्छ ।)

【निमोनिया】

खोप लगाइएको दिन ६५ वर्ष उमेर पुगेका व्यक्तिहरूले खोपको लागतको केही अंश आफैंले तिरेर खोप लिन सक्छन्। योग्य व्यक्तिहरूलाई हुलाक मार्फत जानकारी पोस्टकार्ड पठाउनेछौं।

माथिका कुराहरूका अतिरिक्त, खोप लगाइएको दिन ६५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको लागि शहरले खोपको लागतको केही अंश तिर्ने प्रणाली पनि छ। ※ केही सर्तहरू लागू हुन्छन्।

[नयाँ कोरोना भाइरस]

खोप लगाइएको दिन ६५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूले खोपको लागतको केही अंश आफैंले तिरेर खोप लिन सक्छन् (तिनीहरूले खोप लगाउन सक्ने निश्चित अवधि हुन्छ ।)

【ठेउला】

आर्थिक वर्ष ६५, ७०, ७५, ८०, ८५, ९०, ९५ र १०० वर्ष उमेर पुगेका व्यक्तिहरू तथा १०१ वर्ष वा सोभन्दा माथिका (आर्थिक वर्ष २०२५ मात्र) व्यक्तिहरूले खोपको लागतको केही अंश आफ्नै तिरेर खोप लिन सक्नुहुन्छ। योग्य व्यक्तिहरूलाई हुलाकमार्फत जानकारी पोस्टकार्ड पठाइनेछ।

माथिका कुराहरूका अतिरिक्त, खोपको दिन ५० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको लागि शहरले खोप लागतको केही अंश तिर्नेछ। दुई प्रकारका खोपहरू छन्, त्यसैले खोप लिनु अघि कृपया आफ्नो डाक्टरसँग परामर्श गर्नुहोस्। ※केही सर्तहरू लागू हुन्छन्।

(वयस्क खोप)

https://www.city.kasugai.lg.jp/kenko/iryo/yobou/1027125/index.html

## 13 आगलागी

आगोलागी भयो, आगोलागी भएको देख्नुभयो भने, ११९ मा कल गर्नुहोस्।

【रिपोर्ट उदाहरण]

प्रेषक: के यो आगो लागेको छ? के यो आपतकालीन अवस्था हो?

रिपोर्टर: आगो लागेको छ।

प्रेषक: कृपया मलाई आगो लागेको ठेगाना भन्नुहोस्।

रिपोर्टर: १-१, XX-चो, नर्सिङ होम △△हो ।

प्रेषक: कति तले घरको, आगो कुन तल्लामा लागेको छ?

रिपोर्टर: दुई तले भवनको पहिलो तल्लाको भान्छामा आगो लागेको छ।

प्रेषक: के तपाईंले प्रारम्भिक अग्नि नियन्त्रक प्रयासहरू गर्नुभएको छ?

रिपोर्टर: हामीले प्रयास गर्यौं, तर असफल भएका छौं।

प्रेषक: के त्यहाँ कुनै घाइते वा भाग्न असमर्थ कोही छन्?

रिपोर्टर: भान्सामा दुई जना व्यक्तिहरू छन् जो भाग्न असमर्थ छन् ।

प्रेषक: के तपाईले भाग्ने मार्गदर्शन प्रदान गर्नुभएको छ?

रिपोर्टर: जम्मा XX कर्मचारी र बासिन्दाहरू बाहिर निकालिएका छन्।

※आगो लागेको खबर गर्दा, कल गर्ने व्यक्तिको सुरक्षा पुष्टि भएपछि, प्रेषकले विभिन्न प्रश्नहरू सोध्नेछन्। कृपया पहिले नै चेक गर्नुहोस् कि कस्ता प्रश्नहरू सोधिनेछ, तपाई हतोत्सहित नभई सही रिपोर्ट दिन सक्ने गरि बसौं।

## 14 आपतकालीन सेवाहरू

अचानक बिरामी, ट्राफिक दुर्घटना, चोटपटक आदि कारणले गर्दा तपाईलाई तुरुन्तै उपचार आवश्यक छ भने, ११९ मा कल गर्नुहोस्।

【रिपोर्ट उदाहरण]

प्रेषक: के यो आगो लागेको छ? के यो आपतकालीन अवस्था हो?

रिपोर्टर: यो आपतकालीन अवस्था हो।

प्रेषक: कृपया हामीलाई एम्बुलेन्स कहाँ पठाउने भन्ने ठेगाना बताउनुहोस्।

रिपोर्टर: १-१ XX-चो, नर्सिङ होम △△ हो।

प्रेषक: त्यहाँ को, के भइरहेको छ?

रिपोर्टर: श्री/श्रीमती XX, एक पुरुष, उमेर XX, अचानक ढले।

प्रेषक: के उसलाई बोलाउँदा उसले जवाफ दिन्छ? के उसले सास फेर्छ?

रिपोर्टर: हामीले उसलाई बोलाउँदा उसले जवाफ दिइरहेको छैन। उसले सास फेर्दैन।

प्रेषक: कृपया आफ्नो मोबाइल फोन स्पिकर मोडमा चेन्ज गर्नुहोस्।

रिपोर्टर: स्पिकर मोडमा चेन्ज गर्यौं।

प्रेषक: प्राथमिक उपचार (छातीको दबाब र रक्तस्राव नियन्त्रण) गर्नुपर्नेछ।

[कृपया प्रेषकले निर्देशन दिए अनुसार प्राथमिक उपचार गर्नुहोस्।]

प्रेषक: कृपया एम्बुलेन्स टोलीलाई निर्देशन दिनुहोस्। कृपया आफ्नो नाम बताउनुहोस्।

रिपोर्टर: प्रवेशद्वारमा एक कर्मचारी निस्कने छ। मेरो नाम ○○ हो।

※तपाईंलाई कस्ता प्रश्नहरू सोधिनेछन् भन्ने कुरा पहिले नै थाहा पाउनु र रिपोर्ट गर्नु अघि जानकारी व्यवस्थित गर्नुले तुरुन्तै तुरुन्त आपतकालीन प्रतिक्रियाको नेतृत्व गर्नेछ।

※तत्काल सम्पर्क आवश्यक भएकोले, यदि तपाईलाई बोल्ने क्षमतामा विश्वास छैन, ठेगाना आदि थाहा छैन भने, जानकार हुने व्यक्तिसँग साटेर रिपोर्ट गर्न लगाउनुहोस्।

## 15 प्रहरी

यदि कुनै ट्राफिक दुर्घटना वा कुनै अपराध भयो भने, ११० मा कल गरौं।

【रिपोर्ट उदाहरण]

११० मा फोन गर्दा, कृपया नआत्तिकन शान्तसँग निम्न जानकारी प्रदान गर्नुहोस्।

「 के भयो? 」

「 कहिले भयो? 」

「कहाँ भयो? 」

「 नाम 」

## 16 फोहोर व्यवस्थापन

फोहोर न्यूनीकरण प्रवर्द्धन विभाग टेलिफोन: (०५६८) ८५−६२२२

कासुगाई शहरले घरपरिवारबाट पुन: प्रयोग गर्न मिल्ने स्रोतहरू र फोहोर छुट्याउन र सङ्कलन गर्न फोहोर स्टेशनहरू स्थापना गरेको छ। फोहोर स्टेशनहरू सबैले मिलेर प्रयोग गर्ने भएकोले, कृपया तिनीहरूलाई उचित शिष्टाचारका साथ प्रयोग गर्नुहोस्, जसमा उचित क्रमबद्धता र विसर्जन दिनहरू समावेश छन्। यद्यपि, कृपया ध्यान दिनुहोस् कि केही वस्तुहरू छन् जुन फोहोर स्टेशनहरूमा विसर्जन गर्न सकिँदैन।

थप जानकारीको लागि, कृपया पुन: प्रयोग गर्न मिल्ने स्रोतहरू र फोहोर कसरी विसर्जन गर्ने भन्ने बारे पुस्तिका हेर्नुहोस् (अंग्रेजी, कोरियाली, चिनियाँ, स्पेनी, पोर्चुगिज र भियतनामी भाषामा उपलब्ध छ। यदि तपाईलाई कागजी प्रतिलिपि चाहिन्छ भने, यो नगरपालिकाबाट हस्तान्तरण गर्दछ।

**(पुनः प्रयोग गर्न मिल्ने स्रोत र फोहोर व्यवस्थापनको लागि उपयोगी गाइड)**

https://www.city.kasugai.lg.jp/kurashi/1032702/1032853/1032855/1032949/index.html

● पुन: प्रयोग गर्न मिल्ने स्रोत र फोहोर, सङ्कलन दिनको बिहान ८:०० बजेसम्ममा, तपाईंको क्षेत्रको लागि तोकिएको स्थानमा फाल्नुहोस्। सङ्कलन समाप्त भएपछि फालेको कुनै पनि पुन: प्रयोग गर्न मिल्ने स्रोतहरू वा फोहोर सङ्कलन गरिने छैन। कृपया अघिल्लो दिन फोहोर नफाल्नुहोस्।

● कृपया फोहोर फाल्दा तोकिएका झोलाहरूमा हालेर फाल्नुहोस्। तोकिएका झोलाहरू सुपरमार्केट, कोन्भिनिएन्स स्टोरहरू, आदिमा बेच्न राखिएको हुन्छन्।

**※स्प्रे क्यान र निर्मित रिचार्जेबल ब्याट्रीहरू (जस्तै मोबाइल ब्याट्रीहरू) भएका साना उपकरणहरूलाई "जलाउन नसकिने फोहोर" मा गल्तीले राख्दा आगलागीको दुर्घटना भएको छ।**
**अनिवार्य ज्वलनशील खतरनाक पदार्थहरूको लागि तोकिएको (रातो) झोलाहरूमा राखेर फाल्नुहोस्।**

● सङ्कलन दिनहरू, क्षेत्र अनुसार फरक हुन्छन्। कृपया फोहोर छुट्याउने एप "सानआ-रु"(दायाँपट्टि रहेको QR कोडबाट डाउनलोड गर्नुहोस्।) वा पुन: प्रयोग गर्न मिल्ने स्रोत र फोहोर फाल्ने क्यालेन्डर (सिटी हल बाहेक शहर भित्रका अन्य सार्वजनिक सुविधा सेन्टरहरुमा उपलब्ध छ) चेक गर्नुहोस्।

・फोहोर छुट्याउन र पुन: प्रयोग गर्ने बारे, फोहोर न्यूनीकरण प्रवर्द्धन विभाग (०५६८) ८५-६२ २२

・ठूलो मात्रामा फोहोर संकलन र फोहोर संकलन केन्त्रदहरूको लागि, फोहोर संकलन कार्यालय टेलिफोन: (०५६८)८४-३२११

・ठूलो वा धैरै फोहोर ल्याउने सम्बन्धमा

सफाई केन्द्र टेलिफोन: (०५६८) ८८-०२४७ स्थान: १-२ कामिया-च्योउ

## 17 विपद् रोकथाम

विपद्को अवस्थामा निर्धारित सुरक्षित स्थान र निकासी क्षेत्रहरू जाँच गर्नुहोस्।

हामीले भूकम्प प्रकोप रोकथाम नक्सा र बाढी जोखिम नक्सा बनाएका छौं जसले शहर भित्र विपद्को घटनामा निकासी केन्द्रहरू र निकासी स्थलहरूको स्थान देखाउँछ।

सिटी हल बाहेक शहर भित्रका अन्य सार्वजनिक सुविधा सेन्टरहरुमा उपलब्ध छ।

(भूकम्प प्रकोप रोकथाम नक्सा)

https://www.city.kasugai.lg.jp/kurashi/bosai/1025983/1025986/jishinbosai_map.html

(बाढी जोखिम नक्सा)

https://www.city.kasugai.lg.jp/shisei/machi/haisui/hazardmap/index.html

## 18 कर

(1) आयकर (राष्ट्रिय कर)

कोमाकी कर कार्यालय टेलिफोन: (०५६८) ७२-२१११

४२४-१ च्योउमे, कोमाकि सिटी, आइची प्रान्त, हुलाक ४८५-८६५१

〔आयकर〕

· एक व्यक्तिको एक वर्ष (जनवरी १ देखि डिसेम्बर ३१ सम्म) को आम्दानीमा लाग्ने कर हो।

·करयोग्य आय जति बढी हुन्छ, कर दर त्यति नै बढी हुन्छ। विवरणहरूको लागि कृपया अर्को पृष्ठ हेर्नुहोस्।

(आयकर दर)

https://www.nta.go.jp/taxes/shiraberu/taxanswer/shotoku/2260.html

(2) नगरपालिका कर, प्रिफेक्चरल कर र वन वातावरण कर

नगरपालिका कर विभाग टेलिफोन: (०५६८) ८५-६०९३

[शहर कर/प्रिफेक्चरल कर]

कासुगाई शहरलाई तिर्ने करलाई नगरपालिका कर भनिन्छ, आइची प्रिफेक्चरलाई तिर्ने करलाई प्रिफेक्चरल कर भनिन्छ। यिनीहरूलाई सामूहिक रूपमा "बासिन्दा कर" भनिन्छ।

कर तिर्न आवश्यक पर्ने व्यक्तिहरू तथा कर रकमको विवरणका लागि कृपया अर्को पृष्ठ हेर्नुहोस्।

(नगरपालिका तथा प्रिफेक्चरल कर तिर्नुपर्ने व्यक्तिहरू र तिर्नु नपर्ने व्यक्तिहरु)

https://www.city.kasugai.lg.jp/kurashi/zei/zei/shiminzei2/1538019kojin.html

(नगरपालिका तथा प्रिफेक्चरल करको हिसाब)

https://www.city.kasugai.lg.jp/kurashi/zei/zei/shiminzei2/zeigakukeisansyouryaku/index.html

[वन तथा  वातावरण कर (राष्ट्रिय कर)]

यो वन  तथा  वातावरणको उचित मर्मतसम्भारको लागि लगाइएको कर हो, र यो नगरपालिका र प्रिफेक्चरल करहरूसँगै सङ्कलन गरिन्छ।

कर रकम: १,००० येन

[कर तिर्ने विधि]

① ज्यालाबाट विशेष सङ्कलन

रोजगारदाता (व्यवसाय) ले कर्मचारीको तलबबाट नगरपालिका र प्रिफेक्चरल करहरू कटौती गर्दछ र कर्मचारीको तर्फबाट कर तिर्छ।

② साधारण सङ्कलन

करदाताले शहरले पठाएको कर भुक्तानी सूचना (भुक्तानी पर्ची) प्रयोग गरेर वित्तीय संस्था, कोनविनी स्टोर, आदिबाट  कर तिर्न सक्छन्।

③ सार्वजनिक पेन्सनबाट विशेष सङ्कलन

६५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूले तिर्नुपर्ने "नागरिक र प्रिफेक्चरल कर" उनिहरुलाई प्रदान गरिने सार्वजनिक पेन्सनबाट कर कटौती गर्ने र त्यो व्यक्तिको तर्फबाट भुक्तानी गर्ने विधि

(व्यक्तिगत नगरपालिका कर, व्यक्तिगत प्रिफेक्चरल कर, वन तथा वातावरण कर (राष्ट्रिय कर))

https://www.city.kasugai.lg.jp/kurashi/zei/zei/shiminzei2/index.html

[कर सन्धि]

कर सन्धि भनेको दोहोरो कर हटाउन र कर छली र बेवास्ता रोक्न देशहरू बीच भएको कर सम्झौता हो। निश्चित सर्तहरू पूरा गर्ने सन्धि देशहरूका अन्तर्राष्ट्रिय विद्यार्थीहरू र व्यावसायिक प्रशिक्षार्थीहरूलाई आयकर, नगरपालिका कर, र प्रिफेक्चरल कर नलाग्ने वा छुट दिन सकिन्छ। विवरणहरू देश अनुसार फरक हुन्छन्, त्यसैले विवरणहरूको लागि कृपया अर्थ मन्त्रालयको वेबसाइट हेर्नुहोस्।

(जापानको कर सन्धिहरूको सूची, आदि)

https://www.mof.go.jp/tax_policy/summary/international/tax_convention/tax_convetion_list_jp.html

〔आफ्नो देश फर्कदा〕

① कर एजेन्ट तोक्नुहोस्

कर एजेन्ट भनेको त्यस्तो व्यक्ति हो जसले तपाईको तर्फबाट कर प्रक्रियाहरू व्यवस्थापन गर्नेछ। तपाई जापान छोड्नु अघि, अनिवार्य कर एजेन्ट तोकेर जानुहोस्।

(कर  एजेन्टको  बारेमा)

https://www.city.kasugai.lg.jp/kurashi/zei/zei/shiminzei2/1022678.html

② कर भुक्तानी

यदि तपाईले कुनै कर तिर्न बाँकि छ भने, तपाईंले जापान छोड्नु अघि तिर्नुपर्नेछ।
यदि तपाईको तलबबाट नगरपालिका कर, प्रिफेक्चरल कर, र वन तथा वातावरण कर कटौती गरिएको छ भने, तपाईले आफ्नो अन्तिम तलबबाट ती सबै एकैचोटि तिर्न सक्नुहुन्छ। कृपया आफ्नो कम्पनीसँग यसबारे सल्लाह गर्नुहोस्।

यदि तपाई जापान छोड्नु अघि सम्पूर्ण कर रकम तिर्न सक्नुभएन भने, पछि तपाईंको तोकिएको कर एजेन्टलाई करको सूचना पठाइनेछ।

(3) हलुका सवारी साधन कर वर्गीकरण

नगरपालिका कर विभाग टेलिफोन: (०५६८) ८५-६०९२

[हल्का सवारी साधन कर वर्ग दर भन्नाले]

・अप्रिल १ मा भएको हल्का सवारी साधन (मोटरसाइकल, साना विशेष उद्देश्यका सवारी साधन, हल्का कार र साना दुई पाङ्ग्रे कार) भएका व्यक्तिहरूमा लगाइनेछ।
・हल्का सवारी साधन आदिको पार्किङ स्थल रहेको शहर, शहर वा गाउँमा कर लगाइन्छ।
・करको रकम पहिलो निरीक्षणको प्रकार र मिति आदिद्वारा निर्धारण गरिन्छ।

[हल्का सवारी साधनहरूको लागि ठेगाना परिवर्तन गर्ने प्रक्रियाहरू, आदि]

| गाडिको मोडेल | प्रक्रियाहरूको लागि जाने ठाँउ |
|---|---|
| मोटरसाइकल (१२५ सीसी भन्दा कम)<br>साना विशेष उद्देश्यका सवारी साधनहरू | नगरपालिका कर विभाग<br>टेलिफोन: (०५६८) ८५-६०९२ |
| दुई पाङ्ग्रे हल्का सवारी साधन (१२५ सीसीभन्दा बढी, २५० सीसीसम्म)<br>दुई पाङ्ग्रे कम्प्याक्ट सवारी साधन (२५० सीसीभन्दा बढी) | आइची क्षेत्रीय यातायात ब्यूरो, कोमाकी मोटर वाहन निरीक्षण र दर्ता कार्यालय<br>टेलिफोन: ०५०-५५४०-२०४८ |
| तीन र चार पाङ्ग्रे हल्का सवारी साधनहरू | हल्का मोटर सवारी साधन निरीक्षण संघ, आइची क्षेत्रीय कार्यालय, कोमाकी शाखा<br>टेलिफोन: ०५०-३८१६-१७७३ |

(4) स्थिर सम्पत्ति कर

सम्पत्ति कर विभाग टेलिफोन: (०५६८) ८५-६१०१

सम्पत्ति कर भनेको जनवरी १ मा भएको सम्पत्ति (जग्गा, घर र मूल्यह्रास योग्य सम्पत्ति) भएका व्यक्तिहरूमा लगाइने कर हो। कर रकम सम्पत्तिको मूल्यको आधारमा हिसाब गरिन्छ, र सम्पत्ति रहेको शहर, शहर वा गाउँमा तिर्नु पर्छ।

(स्थिर सम्पत्ति कर)

https://www.city.kasugai.lg.jp/kurashi/zei/zei/kotei/index.html

(5) शहर कर आदिको भुक्तानि

संकलन विभाग टेलिफोन: (०५६८) ८५-६११

शहर कर भुक्तानी पर्चीको पछाडि सूचीबद्ध वित्तीय संस्थाहरूमा, कोन्भिनेन्ट स्टोरहरूमा, सिटी हल वा यसका शाखा कार्यालयहरूको काउन्टरमा, प्रत्यक्ष डेबिट, क्रेडिट कार्ड वा स्मार्टफोन एप मार्फत तिर्न सकिन्छ।

कृपया ध्यान दिनुहोस् कि, शहर करहरू तोकिएको मितिभित्र तिर्न नसकिएमा, ढिलो शुल्क लाग्न सक्छ र तपाईको सम्पत्ति जफत हुन सक्छ।

(शहर कर कसरी र कहाँ तिर्ने, आदि)

https://www.city.kasugai.lg.jp/kurashi/zei/zei/1369syunou.html

(6) कर प्रमाणपत्र

| क्रस नं | प्रकारहरू | शुल्क | विभाग प्रमुख |
|---|---|---|---|
| १. | आयकर प्रमाणपत्र | ३०० येन/प्रति | नगरपालिका कर विभाग टेलिफोन: (०५६८)८५-६०९२ |
| २. | व्यवसाय प्रमाणपत्र | 〃 | |
| ३. | कर भुक्तानी प्रमाणपत्र/भुक्तानी प्रमाणपत्र | 〃 | सङ्कलन विभाग टेलिफोन: (०५६८)८५-६११७ |
| ४. | नगर कर नतिरेको प्रमाणपत्र | 〃 | |
| ५. | निरन्तर निरीक्षणको लागि कर भुक्तानी प्रमाणपत्र | निःशुल्क | |
| ६. | स्थिर सम्पत्ति प्रमाणपत्रहरू<br>·मूल्याङ्कन प्रमाणपत्र (जग्गा/भवन)<br>·सार्वजनिक कर र सार्वजनिक बक्यौता प्रमाणपत्र (जग्गा/भवन)<br>·कर दर्ता प्रमाणपत्र (नाम दर्ता), आदि। | ३०० येन/प्रति | सम्पत्ति कर विभाग टेलिफोन: (०५६८)८५-६१०१ |

(शहर कर सम्बन्धी प्रमाणपत्र) https://www.city.kasugai.lg.jp/kurashi/zei/zei/1003447.html

## 19. निर्माण तथा भूमि विकास

निर्माण मार्गदर्शन विभाग टेलिफोन: (०५६८)८५-६३२४

भवन वा जग्गा विकास कार्यसँग सम्बन्धित निर्माण कार्य गर्दा, कानुनी प्रक्रियाहरू आवश्यक पर्दछ, त्यसैले पहिले नै निर्माण वा अन्य पेशेवरसँग अनिवार्य परामर्श गर्नुहोस्।

यदि, भवनमा छाना र खम्बाहरू, वा छाना र पर्खालहरू छन् भने त्यसलाई संरचना मानिन्छ। यसबाहेक, भवनमा जोडिएका ढोकाहरू र बारहरूलाई पनि भवन मानिन्छ।

[भवनहरूको उदाहरण]

घर, पसल, कार्यालय, ग्यारेज (कारपोर्टहरू सहित), गोदाम (कन्टेनर गोदामहरू सहित), आदि।

## 20 पानी आपूर्ति

पानी तथा ढल निकास विभाग, पानी तथा ढल निकास सञ्चालन महाशाखा

ग्राहक सेवा डेस्क, टेलिफोन: (०५६८) ८५-६४११

व्यावसायिक समय: हप्ताका दिनहरूमा बिहान ८:३० देखि साँझ ५:१५ सम्म

○पानी खुल्ला वा बन्द गर्ने सूचना

प्रयोग गर्न चाहनुभएको (रद्द गर्न चाहनु भएको दिन) दिनभन्दा कम्तिमा तीन व्यावसायिक दिन अगाडि आवेदन दिनुहोस्। व्यावसायिक दिनहरू सोमबारदेखि शुक्रबारसम्म हप्ताका दिनहरू हुन्। शनिबार, आइतबार, सरकारी बिदाहरू र नयाँ वर्षको बिदाको अवधिमा (डिसेम्बर २९ देखि जनवरी ३ सम्म) बन्द हुनेछ।

※कृपया आफ्नो ग्राहक नम्बर जानकारी गर्नुहोस्।
(पानी तथा ढल सेवा सुरु गर्ने वा बन्द गर्ने आवेदनहरू, आदि)

https://www.city.kasugai.lg.jp/kurashi/1020797/1020870/1021186/1021475/index.html

अनलाइन मार्फत आवेदन पनि दिन सक्नुहुन्छ।→

## 21 घरपालुवा जनावर (रेबिज रोकथाम)

वातावरण संरक्षण विभाग टेलिफोन: (०५६८) ८५-६२७९

रेबिज रोकथाम गर्न, ९१ दिन वा सोभन्दा माथिका कुकुरका मालिकहरूले रेबिज रोकथाम कानून अन्तर्गत, जीवनकालमा एक पटक दर्ता र कुकुरहरूलाई वर्षमा एक पटक रेबिज खोप लगाउनु पर्छ र तिनीहरूसँग लाइसेन्स ट्याग र खोप प्रमाणपत्र संलग्न हुनुपर्छ।

साथै, सार्ने वा स्थानान्तरण गर्ने कारणले गर्दा, तपाईको कुकुरको मृत्यु भएमा ठेगाना वा स्वामित्वमा भएको कुनै पनि परिवर्तनको बारेमा पनि तपाईले जानकारी गर्नुपर्छ।

रेबिज रोकथाम (कुकुर दर्ता र खोप)
https://www.city.kasugai.lg.jp/kurashi/1033189/1003754/kyouken.html

□विदेशीहरूको लागि सूचनापत्र 「Information KASUGAI」
शहरमा भइरहेका कार्यक्रमहरु र सूचनाहरु अंग्रेजी, चिनियाँ र पोर्चुगिज भाषामा अनुवाद गरिएको सूचनापत्र, प्रत्येक महिनाको पहिलो १ तारिक तिर प्रकाशित हुनेछ।

「Information KASUGAI वितरण स्थानहरू
सिटी हल सूचना कुना, परिवार दर्ता तथा आवासीय मामिला विभाग, अन्तर्राष्ट्रिय विनिमय कक्ष (रेडियान कासुगाई भित्र),पूर्वी नागरिक केन्द्र, साकाशिता शाखा कार्यालय, अजिमी सामुदायिक केन्द्र, कोजोजी सामुदायिक केन्द्र, दक्षिणी सामुदायिक केन्द्र, पश्चिमी सामुदायिक केन्द्र, केन्द्रीय सामुदायिक केन्द्र, चिता सामुदायिक केन्द्र, ताकराई सामुदायिक केन्द्र, साकाशिता सामुदायिक केन्द्र, कासुगाई नगरपालिका अस्पताल, लुनेक, कोजोजी हुलाक कार्यालय, चुबु विश्वविद्यालय, कासुगाई प्रहरी चौकी, कासुगाई सूचना केन्द्र "लिरिक", ग्रुपो फुजितो, ससाए आई केन्द्र

□ पुस्तकालयको प्रयोग
कासुगाई सिटी लाइब्रेरी टेलिफोन: (०५६८)८५-६८००

कासुगाई शहरमा बस्ने, शहरमा काम गर्ने वा अध्ययन गर्ने, वा आइची प्रिफेक्चरमा बस्ने जो कोहीले पनि पुस्तकालय सामग्रीहरू सापटी लिन सक्छन्। तपाईको प्रयोगको लागि विदेशी भाषाहरूमा सामग्रीहरू पनि उपलब्ध छन्। यद्यपि, सामग्रीहरू सापटी लिनका लागि, तपाईले आफ्नो पहिचान खुल्ने प्रमाण ल्याउनुपर्नेछ र पुस्तकालय कार्डको लागि आवेदन दिनुपर्नेछ।

(पुस्तकालयको गृहपृष्ठ) https://www.kasugai-lib.jp

□ वडा, छिमेकी संघ, वा स्थानीय सामुदायिक संघमा सामेल

हुने नागरिक जीवन विभाग (०५६८) ८५-६६१७

वडा, छिमेक र स्थानीय सरकारी संघहरू स्वेच्छाले संगठित एउटै क्षेत्रमा बस्ने मानिसहरूको समूह हुन् जसले आफ्नो शहरलाई सुरक्षित र बस्नको लागि आरामदायी ठाउँ बनाउँछन्। प्रकोप जस्ता आपतकालीन अवस्थाहरुमा पनि सामुदायिक सम्बन्ध अत्यन्त महत्त्वपूर्ण हुन्छ।

वडा, छिमेक र स्थानीय सामुदायिक संघहरू स्वैच्छिक संस्थाहरू हुन्, त्यसैले सामेल हुन कुनै कानुनी बाध्यता छैन। यद्यपि, शहरले समुदाय भित्र बन्धन निर्माण गर्न मानिसहरूलाई सामेल हुन प्रोत्साहित गर्दछ जहाँ मानिसहरूले एकअर्कासँग भेट्न सक्छन्।

सदस्यताको लागि आवेदन दिन, कृपया आफ्नो स्थानीय संघको अध्यक्ष वा अधिकारीलाई सम्पर्क गर्नुहोस्। यदि तपाईंलाई अध्यक्ष को हो भनेर थाहा छैन भने, कृपया नागरिक जीवन विभागमा सम्पर्क गर्नुहोस्।

(छिमेकी संघ गतिविधिहरू)

https://www.city.kasugai.lg.jp/kurashi/1033189/chonaikai/index.html

शहरको वेबसाइटबाट पनि सदस्यताको लागि आवेदन दिन सक्नुहुन्छ। →